जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि



विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com



बर्ष १३ • अंक १७२ • २०८२ चैत्र ३० गते सोमवार • 13 Apr. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-


## उपभोक्ता समिति गठन प्रक्रियामा पारदर्शिता ल्याउने प्रयास गरेका एक कार्यालय प्रमुखको आकस्मिक सरुवा

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २९ चैत्र**

मधेश प्रदेशमा उपभोक्ता समिति गठन प्रक्रियामा पारदर्शिता ल्याउने प्रयास गरेका एक कार्यालय प्रमुखको आकस्मिक सरुवापछि प्रदेश सरकारको कार्यशैलीमाथि गम्भीर प्रश्न उठ्न थालेको छ ।

पूर्वाधार विकास कार्यालय महोत्तरीका प्रमुख कार्तिकेश झाले उपभोक्ता समिति गठन प्रक्रियालाई व्यवस्थित र पारदर्शी बनाउन महत्वपूर्ण कदम चाल्दै कार्यालयको आधिकारिक वेबसाइटमार्फत सार्वजनिक सूचना जारी गरेका थिए । उनले वडा कार्यालयमार्फत उपभोक्ता समिति गठन गर्नुपर्ने व्यवस्था कडाइका साथ कार्यान्वयन गर्न निर्देशन दिएका थिए ।

उक्त सूचनामा प्रत्येक वडामा आमभेला आयोजना गरी उपभोक्ता समिति गठन गर्न, सूचना टाँस गर्न तथा सम्बन्धित वडा कार्यालयको आधिकारिक फेसबुक पेज वा वेबसाइटमार्फत जानकारी सार्वजनिक गर्न भनिएको थियो ।



साथै, योजनासम्बन्धी जानकारी प्रदेशसभा सदस्यहरूलाई समेत अनिवार्य रूपमा गराउनुपर्ने उल्लेख गरिएको थियो । कार्यालयले महोत्तरीका १५ स्थानीय तहअन्तर्गत १५ लाखदेखि २५ लाख रुपैयाँसम्मका २५८ योजनाको विस्तृत विवरण सार्वजनिक गरेपछि यस कदमलाई पारदर्शिता प्रवर्द्धनतर्फको सकारात्मक प्रयासका रूपमा हेरिएको थियो ।

तर, यही कदमले सरकारभित्रै असन्तुष्टि सिर्जना गरेको स्रोतको दाबी छ। सूचना सार्वजनिक भएको दुई दिनमै, चैत २५ गते कामु प्रमुख सचिवस्तरीय निर्णयबाट झाले तीन महिनाका लागि प्रादेशिक तथा स्थानीय सडक सुधार आयोजना, प्रादेशिक आयोजना व्यवस्थापन इकाइ, जनकपुरधाममा काज सरुवा गरिएको छ । सरुवाको निर्णयले प्रशासनिक निर्णयभन्दा पनि राजनीतिक दबाबको आशंका बढाएको छ । स्रोतका अनुसार विगतमा सम्बन्धित मन्त्रीको सिफारिसबिना योजना कार्यान्वयन नहुने तथा उपभोक्ता समिति गठन प्रक्रियामा अनियमितता हुने गरेको आरोप लाग्दै आएको थियो ।

योजनाहरू सञ्चालनअघि नै आर्थिक लेनदेन हुने गरेको विषयमा पटक पटक आलोचना हुँदै आएको छ। यस विषयमा प्रदेशसभामा समेत प्रश्न उठिसकेको छ। विशेषगरी वडा तहमा सञ्चालन हुने योजनामा उपभोक्ता समिति गठनका लागि वडा कार्यालयको स्वीकृति अनिवार्य हुने प्रावधान भए पनि व्यवहारमा यसलाई बेवास्ता गरिँदै आएको गुनासो छ । यस्तो अवस्थामा पारदर्शिता कायम गर्न गरिएको प्रयासलाई नै निरुत्साहित गर्ने गरी सरुवा गरिएको घटनाले प्रदेश सरकार पुरानै अपारदर्शी अभ्यासतर्फ फर्किन खोजेको छ। यस घटनाले प्रशासनिक स्वतन्त्रता, सुशासन र जवाफदेहिताको सवालमा थप बहस सिर्जना गरेको छ ।

सरकारी संयन्त्रभित्र सुधारको प्रयास गर्ने कर्मचारीलाई प्रोत्साहन दिनुपर्नेमा उल्टै सरुवा गरिनुले अन्य कर्मचारीमा समेत नकारात्मक सन्देश गएको टिप्पणी गरिएको छ । यस विषयमा प्रतिक्रिया लिन खोज्दा मधेश प्रदेश सरकारका उच्च अधिकारीहरू स्पष्ट जवाफ दिनबाट पन्छिएका छन् । सरुवाको औपचारिक कारण सार्वजनिक नगरिनुले पनि शंका थप गहिरिएको छ ।

## खानेपानीको सहज आपूर्ति सम्बन्धी छलफल



**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २९ चैत्र**


जनकपुरधाम उपमहानगरपालिका -९ मा खानेपानीको सहज आपूर्ति तथा २४ घण्टा नियमित वितरण सुनिश्चित गर्ने विषयमा सरोकारवालाबीच गम्भीर छलफल गरिएको छ।

वडा नम्बर ९ का अध्यक्ष परमेश्वर साहको पहलमा आयोजित छलफलमा नेपाल खानेपानी संस्थानका महाप्रबन्धक, शुल्क निर्धारण आयोगका अध्यक्ष तथा सदस्यहरू, जनकपुरधाम शाखाका प्रबन्धक, कर्मचारीहरू तथा उपभोक्ता वर्गको सहभागिता रहेको थियो।

कार्यक्रममा सहभागीहरूले जनकपुरधाममा हाल देखिएको खानेपानी समस्या समाधानका लागि संस्थानले ठोस पहल गर्नुपर्नेमा जोड दिए । उनीहरूले दीर्घकालीन समाधानका लागि जनकपुरधाम उपमहानगरपालिकासँग प्रभावकारी समन्वय आवश्यक रहेको सुझाव समेत दिए ।

छलफलका क्रममा नियमित र भरपर्दो पानी आपूर्तिका लागि प्राविधिक तथा व्यवस्थापकीय सुधार अपरिहार्य रहेको औंल्याइएको थियो। साथै, उपभोक्ताको माग अनुसार २४ सै घण्टा पानी उपलब्ध गराउने लक्ष्यमा अघि बढ्नुपर्नेमा सहमति जनाइएको छ।

जनकपुरधाम उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष तथा मानार्थ सदस्य निर्मल कुमार चौधरीले यस्तो छलफलले स्थानीय स्तरमा देखिएका समस्याको समाधान खोज्न सहयोग पुग्ने विश्वास व्यक्त गरे।



## नेपाल रेल्वे कम्पनी लिमिटेड आर्थिक घाटामा



**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २९ चैत्र**

देशको एकमात्र रेल सेवा सञ्चालन गरिरहेको नेपाल रेल्वे कम्पनी लिमिटेडले आर्थिक घाटा झेल्दै आएको छ। पछिल्लो पाँच वर्षको तथ्याङ्कले कम्पनीको आम्दानीभन्दा खर्च झण्डै तेब्बर बढी रहेको देखाउँछ, जसले सेवा दीर्घकालीन रूपमा आर्थिक संकटतर्फ धकेलिँदै गएको सङ्केत गरिरहेको छ ।

कम्पनीको व्यावसायिक कार्ययोजना-२०८२ अनुसार आर्थिक वर्ष २०७६/७७ देखि २०८०/८१ सम्म १९ करोड २१ लाख रुपियाँ आम्दानी हुँदा ६७ करोड ३७ लाख रुपियाँ खर्च भएको उल्लेख गरेको छ। यस अवधिमा कुल ४८ करोड १५ लाख ८० हजार रुपैयाँ घाटा व्यहोर्नुपरेको छ । पछिल्लो आर्थिक वर्ष २०८०/०८१ मा मात्र ८ करोड ५० लाख आम्दानी हुँदा २६ करोड २७ लाख रुपियाँ खर्च भएको छ । हाल मासिक आम्दानी करिब ७५ लाख रुपियाँ भएपनि खर्च १ करोड २९ लाख रुपियाँ पुग्ने गरेको छ ।

आम्दानीले खर्च धान्न नसक्दा कम्पनीले सरकारको जमानीमा ऋण लिँदै सञ्चालन गर्नुपरेको छ । २०८१ असार मसान्तसम्म सावाँ र ब्याजसहित कुल ऋण ७९ करोड रुपियाँ नाघिसकेको छ, जसले कम्पनीमाथि थप आर्थिक दवाव सिर्जना गरेको छ । यात्री सेवाका हिसाबले भने रेल प्रभावकारी मानिएको छ ।

भारतको जयनगरदेखि जनकपुरधाम हुँदै महोत्तरीको बिजलपुरासम्म सञ्चालन भइरहेको रेल सेवा दैनिक तीन पटक चल्छ । धनुषाको खजुरीका ५५ वर्षीय उपेन्द्र ठाकुरका अनुसार रेलले दैनिक जीवन सहज बनाएको छ। मोटरसाइकलमा एक घण्टा लाग्ने दूरी रेलबाट १५ मिनेटमै पार गर्न सकिन्छ। तर यात्रु सुविधा बढ्दै जाँदा पनि कम्पनीको

बांकी पृष्ठ २ मा ।







# दलित होइन सम्मानित मानिस

सामाजिक चेतना अभिवृद्धि गर्न व्यापक अभियान आवश्यक रहेको देखिन्छ । धर्मनिरपेक्ष, वैज्ञानिक र मानवतावादी सोचको प्रसार गर्नुपर्छ ।

राजनीति, प्रशासन र न्याय प्रणालीमा दलित समुदायको अर्थपूर्ण प्रतिनिधित्व सुनिश्चित गरिनुपर्छ । केवल संख्यात्मक होइन, निर्णय गर्ने तहसम्म पहुँच हुनु आवश्यक रहेको छ । आर्थिक सशक्तीकरण बिना समानता सम्भव छैन । भूमिहीनलाई भूमि, बेरोजगारलाई रोजगारी र सीप विहीनलाई सीप- यी आधारभूत कुरा सुनिश्चित नगरी समानताको कुरा गर्नु खोक्रो हुने देखिन्छ । हामीले एउटा गम्भीर प्रश्न पनि उठाउनुपर्छ- यदि धर्मले मानिसलाई विभाजन गर्छ भने, त्यसलाई पुनर्विचार गर्नुपर्छ कि पर्दैन ? धर्मभन्दा माथि मानवता हुनुपर्छ । किनकि अन्ततः समाजलाई जोड्ने शक्ति धर्म होइन, मानवता नै रहेको छ । साँचो मूल्य के हो ? मानवता । मानिसको मूल्य जन्मले होइन, कर्मले निर्धारण हुनुपर्छ । सम्मान जातले होइन, मानवताले दिनुपर्छ । आजको सबैभन्दा ठूलो प्रश्न यही हो- हामी माफी सुनेर सन्तुष्ट हुने कि वास्तविक परिवर्तनको माग गर्ने ? वास्तविक गर्व तब हुनेछ जब समाज बदलिन्छ, जब विभेद अन्त्य हुन्छ र जब 'दलित' शब्द इतिहासको पानामा सीमित हुन्छ ।

त्यसैले अब समय आएको छ- भावनामा होइन, यथार्थमा उभिने । अब दलित भएर होइन, समान अधिकारका लागि बोल्ने सचेत नागरिक भएर उठ्ने । जब हामी सबैले 'म' होइन, 'हामी' भन्नेछौं- त्यस दिन मात्रै नयाँ समाजको सुरुआत हुने देखिन्छ । त्यस दिन मात्रै समानताको सपना साकार हुनेछ र त्यस दिन- दलित होइन, केवल सम्मानित मानिस हुने देखिन्छ ।

# रौतहटको देवाहीगोनाही नगरपालिकामा राजनीतिक समीकरण फेरिए

**जलेश्वरटुडे समाचारदाता**
**रौतहट, २९ चैत्र**

रौतहटको देवाहीगोनाही नगरपालिकामा राजनीतिक समीकरण फेरिएको छ ।

नेकपा एमालेबाट निर्वाचित नगरप्रमुख प्रेमलाल साह आम जनता पार्टी (आजपा)मा प्रवेश गरेसँगै स्थानीय राजनीतिमा नयाँ तरंग देखिएको छ । देवाहीगोनाहीमा आयोजित एक कार्यक्रममा मेयर साहसहित वडा नम्बर ४ का अध्यक्ष रामप्रवेश पटेल, वडा नम्बर ९ का अध्यक्ष बिरबहादुर साह लगायतका जनप्रतिनिधिहरूले एमाले परित्याग गर्दै आजपामा प्रवेश गरेका हुन् । कार्यक्रममा आजपा अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले नवप्रवेशी नेताहरूलाई पार्टीमा स्वागत गरेका थिए । उनले देश र जनताको हितका लागि वैकल्पिक राजनीतिक शक्तिको आवश्यकता रहेको उल्लेख गर्दै आजपा त्यसको नेतृत्व गर्न सक्षम रहेको दाबी गरे । एमालेबाट निर्वाचित प्रमुख सहितका जनप्रतिनिधि एकैपटक पार्टी परिवर्तन गर्दा स्थानीय तहको शक्ति सन्तुलनमा असर पर्ने देखिएको छ । यस घटनालाई आगामी राजनीतिक समीकरण र स्थानीय विकासका कार्यक्रमहरूसँग जोडेर पनि हेरिएको छ । मेयर साहको पार्टी परिवर्तनलाई लिएर एमाले वृत्तमा असन्तुष्टि बढ्न सक्ने अनुमान गरिएको छ भने आजपाले भने यसलाई आफ्नो संगठन विस्तारको महत्वपूर्ण उपलब्धिका रूपमा लिएको छ ।



# राजनीतिमा पद र प्रतिष्ठाका लागि छिनाझपटी चल्नु नौलो कुरा

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २९ चैत्र**




राजनीतिमा पद र प्रतिष्ठाका लागि छिनाझपटी चल्नु नौलो कुरा होइन । धनुषाको सहिदनगर नगरपालिका-२, कमलपुरको माटोमा भने एउटा यस्तो नाम छ, जसले हातैमा आएको सत्ताको सोपानलाई सहिदको सम्मानका लागि सहजै परित्याग गरिदियो । उहाँ हुनुहुन्छ, ६१ वर्षीय जोगकुमार बरबरिया यादव; जो अहिले नेपाली कम्युनिस्ट पार्टीबाट प्रतिनिधि सभामा जनभावनाको प्रतिनिधित्व गरिरहनुभएको छ ।

जोगकुमारको राजनीतिक यात्रा कुनै सुखद संयोग होइन; बरु पाँच दशक लामो अनवरत सङ्घर्ष, निष्ठा र त्यागको प्रतिफल हो । गाउँमा 'जीवन' र 'श्रवण' उपनामले चिनिने उहाँ पदका लागि मरिहत्ते गर्ने होइन, बरु सिद्धान्तका लागि मर्न तयार हुने सादगी नेताका रूपमा परिचित हुनुहुन्छ । उहाँको जीवनको एउटा मोडले धेरैको मन छुन्छ । २०६३ सालको त्यो क्षण, जब सशस्त्र युद्धबाट माओवादी शान्तिपूर्ण राजनीतिमा अवतरण गर्दै थियो । अन्तरिम व्यवस्थापिका संसद्मा जोगकुमारको नाम सांसदका लागि निश्चित भइसकेको थियो । उहाँ फूलमाला पहिरिएर खुसी साट्न नेता मातृकाप्रसाद यादवलाई भेट्न धनुषाधाम पुग्नुभएको थियो तर त्यहाँको एउटा दृश्यले उहाँको मन पगाल्यो । जनयुद्धका क्रममा परिवारका चार सदस्य गुमाएका शिला यादवले जब सहिद परिवारले अवसर नपाएको पीडा पोख्नुभयो, जोगकुमारको गला अवरुद्ध भयो । उहाँलाई लाग्यो, पदभन्दा ठूलो त सहिदको बलिदान हो । तत्कालै उहाँले आफ्नो भागमा परेको सांसद पद शिलालाई सुम्पिने निर्णय लिनुभयो । "कम्युनिस्ट पार्टी सर्वहारा वर्गको पक्षमा हुनु पर्छ र सहिद परिवारले न्याय पाउनु पर्छ भन्ने मेरो अटल विश्वास थियो, त्यसैले मैले पद त्यागेँ," उहाँले गौरवका साथ संस्मरण गर्नुभयो । १३ वर्षकै कलिलो उमेरमा छिमेकी शिवनाथ यादवको राजनीतिक सङ्घर्षबाट प्रेरित भई राजनीतिमा होमिएका जोगकुमारले सेल कमिटीदेखि जिल्ला कमान्डरसम्मको जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्नुभएको छ । मधेशको तप्त रापमा 'जनयुद्ध सम्भव छैन' भन्नेहरूलाई चुनौती दिँदै उहाँले धनुषा, महोत्तरी, सिराहा र उदयपुरको कमान्ड सम्हाल्नुभयो । उहाँकै नेतृत्वमा 'रामवृक्ष बटालियन' जन्मियो; जुन पछि विशाल ब्रिगेडमा रूपान्तरण भयो । दुई पटकको निर्वाचनमा पराजय भोग्दा पनि विचलित नभएका यादव अहिले समानुपातिक प्रणालीमार्फत संसद्को रोस्ट्रममा उभिनुभएको छ । उहाँ भन्नुहुन्छ, "म कसैको निगाहले होइन, आफ्नै पसिना र सङ्घर्षले यहाँ आइपुगेको हुँ ।" संसद्मा पुगेपछि पनि उहाँको मन गाउँकै माटो र किसानको समस्यामा अल्झिएको छ । तराई-मधेशका २२ जिल्लालाई देशको वास्तविक अन्नभण्डार बनाउनुपर्ने उहाँको सपना छ । किसानले समयमा मल, बिउ र सिँचाइ नपाउने पीडालाई उहाँले सदनको प्रमुख एजेन्डा बनाउनुभएको छ । वन्यजन्तुले बालीनालीमा पुऱ्याउने क्षति र किसानको सुरक्षाका विषयमा उहाँले सरकारलाई निरन्तर खबरदारी गरिरहनुभएको छ । पद र अवसरको दौडधुप भइरहने वर्तमान राजनीतिमा यादव एउटा यस्तो दियो हुनुहुन्छ; जसले 'त्याग र समर्पण' अझै जीवित छ भन्ने सन्देश दिइरहनुभएको छ । उहाँको यात्रा पदका लागि होइन, परिवर्तनका लागि थियो र आज पनि छ ।

## *नेपाल रेल्वे कम्पनी.............................*

वित्तीय अवस्था भने कमजोर बन्दै गएको छ । घाटाको प्रमुख कारणमध्ये भारतीय प्राविधिक कर्मचारीमा हुने उच्च खर्च मुख्य मानिएको छ ।

हाल १७ जना भारतीय कर्मचारी कार्यरत छन्, जसका लागि कम्पनीले भारतीय कोंकन कम्पनीलाई मासिक करिब १ करोड १२ लाख रुपियाँ भुक्तानी गर्दै आएको छ। यसको विपरीत नेपालीतर्फ १०३ कर्मचारीको कुल तलब मात्र १७ लाख रुपियाँ छ । स्थायी प्राविधिक जनशक्तिको अभाव, वर्कसपको कमी, स्वदेशी चालक तथा स्टेशन मास्टरको अभाव, फ्युलिङ स्टेशन नहुनु र इन्धनसमेत भारतबाट ल्याउनुपर्ने अवस्थाले सञ्चालन खर्च अझ बढाएको नेपाल रेल्वे कम्पनीले जनाएको छ । यसको साथै कम्पनी लामो समयदेखि महाप्रबन्धकविहीन रहेको हुँदा समेत व्यवस्थापन कमजोर बनेको छ ।

## तपाईको टुडे

मेषः विचार गरेर बोल्नुहोला

वृषः मनमा पछुतो आउने

मिथूनः अशुभ समाचार प्राप्त हुने

कर्कटः लामो यात्राको योग छ

सिंहः पिछडेको साथी मिल्ने

कन्याः मित्रतामा फाटो आउने

तुलाः पढाईमा ध्यान दिनुपर्ने

वृश्चिकः शुभ कार्यको शुरुवात

धनुः अनावश्यक चिन्ता

मकरः खानपानमा समस्या आउने

कूम्भः अनावश्यक खर्चको संभावना

मीनः आम्दानी हुने


## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०५:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०६:३० बजे |
| राति ढोका बन्द हुने समय | १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०७:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:३० बजे |

# ट्रम्पले दिए 'स्ट्रेट अफ हर्मुज' मा नाकाबन्दी गर्न अमेरिकी नौसेनालाई आदेश

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २९ चैत्र**



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इस्लामाबादमा भएको शान्ति वार्ताका क्रममा इरानले आफ्नो आणविक महत्त्वाकाङ्क्षा त्याग्न अस्वीकार गरेको बताएका छन् ।

वार्ता निष्कर्षविहीन टुङ्गिएपछि पहिलो प्रतिक्रिया दिँदै ट्रम्पले 'स्ट्रेट अफ हर्मुज' मा अमेरिकी नौसेनालाई नाकाबन्दी गर्न आइतबार आदेश दिएका हुन् । पाकिस्तानमा भएको वार्ता सकारात्मक रहेको र अधिकांश बुँदामा सहमति जुटेको स्वीकार गर्दै राष्ट्रपति ट्रम्पले तेहरान आफ्नो पारमाणविक कार्यक्रमका विषयमा टसको मस नभएको उल्लेख गरे । इरानले आणविक कार्यक्रम त्याग्न नमानेकै कारण सम्झौता हुन नसकेको उनको भनाइ छ ।

राष्ट्रपति ट्रम्पले 'स्ट्रेट अफ हर्मुज' मा प्रवेश गर्ने वा त्यहाँबाट बाहिर निस्कन खोज्ने कुनै पनि पानीजहाजमाथि नाकाबन्दी लगाउन अमेरिकी नौसेनालाई निर्देशन दिएका छन् । यो प्रक्रिया तत्कालै लागू हुने उनले स्पष्ट पारेका छन् । यो कदमले विश्वकै प्रमुख तेल आपूर्ति मार्गमा तनाव झन् बढ्ने देखिएको छ । सन् १९७९ को इस्लामिक क्रान्तिपछि भएको यो ऐतिहासिक उच्चस्तरीय बैठकपछि अमेरिकी प्रतिनिधिमण्डल वासिङ्टन फिर्ता भएको छ ।

वार्तामा अमेरिकाले इरानलाई सम्झौताका लागि 'अन्तिम र उत्तम प्रस्ताव' दिएको दाबी गरेको छ । जर्मनीको रामस्टिन एयर बेसमा इन्धन भर्ने क्रममा एक अमेरिकी अधिकारीले पत्रकारहरूसँग कुरा गर्दै वार्ता टोलीका कुनै पनि सदस्य अब इस्लामाबादमा नरहेको पुष्टि गरे। उक्त प्रतिनिधिमण्डलमा प्रमुख अमेरिकी वार्ताकारहरू स्टिभ विटकोफ र राष्ट्रपतिका ज्वाइँ जारेड कुश्नर समेत सहभागी थिए । अमेरिकाले अब इरानी पक्षले आफ्नो प्रस्तावलाई कसरी लिन्छ भन्ने कुरा पर्खिरहेको जनाएको छ। तर, तत्कालका लागि भने सैन्य र कूटनीतिक दबाबलाई ट्रम्प प्रशासनले तीव्रता दिएको छ ।

# के भएको हो आशा भोसलेलाई ? नातिनीले दिइन् स्वास्थ्य अपडेट

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २९ चैत्र**



हिन्दी सिनेमाकी दिग्गज गायिका आशा भोसलेको स्वास्थ्यलाई लिएर सामाजिक सञ्जालमा फैलिएको हल्लाको वास्तविकता बाहिर आएको छ ।

शनिबार उनलाई कार्डियाक एरेस्ट (हृदयघात) भएको र मुम्बईको ब्रीच क्यान्डी अस्पतालमा भर्ना गरिएको खबरले प्रशंसकहरूलाई स्तब्ध बनाएको थियो । तर, उनकी नातिनी जनाई भोसलेले एक आधिकारिक बयान जारी गर्दै ती खबरहरू गलत भएको स्पष्ट पारेकी छिन् । जनाईका अनुसार ९२ वर्षीया आशा भोसलेलाई कार्डियाक एरेस्ट भएको नभई अत्यधिक थकान र छातीमा सङ्क्रमण देखिएकाले अस्पताल भर्ना गरिएको हो । 'मेरी हजुरआमा थकान र छातीको संक्रमणका कारण अस्पतालमा हुनुहुन्छ । उनको उपचार भइरहेको छ र हामीलाई पूर्ण विश्वास छ कि उनी छिट्टै निको भएर घर फर्कनु हुन्छ,' जनाईले सामाजिक सञ्जालमार्फत जानकारी दिएकी छिन् । उनले यस कठिन समयमा परिवारको गोपनीयताको सम्मान गरिदिन समेत आग्रह गरेकी छिन् ।

८ सेप्टेम्बर १९३३ मा महाराष्ट्रमा जन्मिएकी आशा भोसलेले महज ९ वर्षको उमेरदेखि नै गायन यात्रा सुरु गरेकी थिइन् । पिता दीनानाथ मंगेशकरको निधनपछि परिवारको आर्थिक जिम्मेवारी सम्हाल्न उनले दिदी लता मंगेशकरसँगै गीत गाउन र अभिनय गर्न थालेकी थिइन् । सन् १९४३ मा मराठी फिल्मबाट पार्श्व गायन सुरु गरेकी उनले १९४८ को फिल्म 'चुनरिया' बाट हिन्दी सिनेमामा पाइला टेकेकी थिइन् ।

आफ्नो बहुमुखी प्रतिभाका कारण गजल, भजन, पप र शास्त्रीय संगीतमा जादुमयी स्वर दिएकी आशा ताईको नाममा विश्व कीर्तिमान समेत रहेको छ । सन् २०११ मा गिनीज बुक अफ वर्ल्ड रेकर्ड्सले उनलाई संगीतको इतिहासमा विश्वमै सबैभन्दा बढी स्टुडियो रेकर्डिङ गर्ने कलाकारको रूपमा मान्यता दिएको थियो ।

# इस्ट्रिया बाई युटिएमबीको ६९ किमी रेसमा नेपालका सुमन कुलुङ दोस्रो

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २९ चैत्र**



क्रोएसियामा भएको इस्ट्रिया १०० बाई युटिएमबी रेस अन्तर्गत पुरुष ६९ किमी दौडमा नेपालका सुमन कुलुङ दोस्रो भएका छन् । युटिएमबी वर्ल्ड सिरिज अन्तर्गत युरोपमा हुने इस्ट्रिया १०० बाट युटिएमबीमा नेपालका सुमनले ६९ किमीमा प्रतिस्पर्धा गरेका थिए । उनले निर्धारित दुरी ५ घण्टा ४० मिनेट १७ सेकेण्डले पूरा गरे ।

यस विधामा पहिलो भएका इटलीका जियनलुका घियानो भन्दा सुमल एक मिनेटले मात्र पछि परे । जियनलुकाले निर्धारित दुरी ५ घण्टा ३९ मिनेट ०८ सेमेण्डमा पूरा गरेका थिए । सुमनले गत वर्ष पनि यो रेसमा प्रतिस्पर्धा गरेका थिए । यसअघि सन् २०२५ मा भएको इस्ट्रिया बाई युटिएमबी रेसको ६९ किमीमै दौडेका सुमन पुरुषतर्फ दोस्रो भएका थिए । हाल अष्ट्रिया बेस्ड रहेर प्रशिक्षण गर्दै आएका सुमन कुलुङ विभिन्न अन्तर्राष्ट्रिय ट्रेल रेसहरुमा प्रतिस्पर्धा गर्दै आएका छन् । उनले असोजमा स्पेनमा भएको वर्ल्ड माउन्टेन एण्ड ट्रेल रेस च्याम्पियनसिपमा पनि प्रतिस्पर्धा गरेका थिए । यस्तै सुमनले कात्तिकमा हङकङमा भएको ट्रान्सलान्टाउ हङकङ बाई युटिएमबी रेसमा प्रतिस्पर्धा गर्ने गरेका थिए । सुमनलाई अष्ट्रियाको सिग्रिड फाउण्डेसनले स्पोनसरसिप गरिरहेको छ ।

सुमन पर्यटक गाइडको रुपमा काम गर्दा सन् २०२२ मा फाउण्डेशनका पदाधिकारीसँग भेट भएपछि उनी विश्वका शीर्ष धावकभित्र पर्ने सम्भावना देखिएको भन्दै सहयोग गरेको फाण्डेशनले जनाएको थियो ।

# मूल्यवृद्धि र सामग्री अभावले विकास निर्माण ठप्प हुने अवस्थामा

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २९ चैत्र**



नेपाल निर्माण व्यवसायी महासंघले अप्रत्याशित मूल्यवृद्धि र निर्माण सामग्रीको चरम अभावका कारण मुलुकभरका विकास निर्माणका कामहरू अघि बढाउन नसकिने स्थिति आएको बताएको छ । महासंघका अध्यक्ष निकोलस पाण्डेले वर्तमान परिस्थितिमा काम जारी राख्नु 'अप्ठ्यारो मात्र नभई असम्भव' भएको उल्लेख गरेका छन्।

अध्यक्ष पाण्डेका अनुसार सडक निर्माणका आयोजनाहरूमा बिटुमिन, केरोसिन र डिजेल जस्ता पेट्रोलियम पदार्थको हिस्सा ४० प्रतिशत रहन्छ। "डिजेलको मूल्य प्रतिलिटर २०२ रुपैयाँ पुगेको छ र बजारमा यो सर्वसुलभ पनि छैन," उनले भने, "इन्धन र अन्य निर्माणजन्य सामग्री पाउनै कठिन भएपछि काम ठप्प हुने अवस्थामा पुगेको हो।" ढुङ्गा, गिटी र बालुवा जस्ता नदीजन्य सामग्री उत्खननका लागि बनाइएका मापदण्डहरू अत्यन्तै जटिल भएको पाण्डेको तर्क छ। उनले ठयाक्कै काम गर्ने मुख्य सिजन सुरु भएपछि मात्र स्थानीय सरकार र प्रमुख जिल्ला अधिकारीहरूले क्रसरहरूलाई 'अवैध' देख्ने गरेको भन्दै आपत्ति जनाए। वातावरणमा न्यूनतम क्षति पुग्ने गरी व्यावहारिक मापदण्ड बनाएर राष्ट्रिय गौरवका आयोजनाका लागि आवश्यक सामग्री सहजै उपलब्ध गराउनु पर्नेमा उनले जोड दिए। मध्यपूर्वमा जारी युद्धका कारण अन्तर्राष्ट्रिय बजारमै मूल्यवृद्धि बढिरहेकाले महासंघले हाल काम गर्न नसक्ने व्यवसायीहरूलाई काम अघि नबढाउन भनेको छ ।

# सिंहदरबार पुन:निर्माण सुरु

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २९ चैत्र**



जेनजी प्रदर्शनका क्रममा क्षतिग्रस्त सिंहदरबारको पूर्वी, उत्तरी र दक्षिणी मोहडा भवनको पुन:निर्माण सुरु गरिएको छ। गत भदौ २४ गते प्रदर्शनका क्रममा भएको आगजनीबाट सिंहदरबारको मूल भवन तथा सिंहदबार परिसरभित्र रहेका अन्य भवन क्षतिग्रस्त भएका थिए । सहरी विकास मन्त्रालय मातहतको सङ्घीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालयका वरिष्ठ डिभिजनल इन्जिनियर (सिडिई) गणेश कर्माचार्यले यसअघि प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय रहेको सिंहदरबार मुख्य भवनको पूर्वी, उत्तरी र दक्षिणी मोहडा भवनको पुनर्निर्माण सुरु गरिएको जानकारी दिनुभयो । पूर्वी, उत्तरी र दक्षिणी मोहडामा मात्र बाहिरी क्षति पुगेकाले अबको दुई महिनाभित्र पुनर्निर्माण सम्पन्न हुने उहाँले बताउनुभयो।उहाँका अनुसार चालु आर्थिक वर्ष (२०८२/८३) को जेठ मसान्तसम्म पुनर्निर्माण सम्पन्न गर्ने गरी काम सुरु गरिएको हो ।

यसको पुनर्निर्माणको ठेक्का घिमिरे/वडू (संयुक्त) निर्माण कम्पनीले पाएको हो । सिंहदरबारको मौलिक स्वरूपमा कुनै परिवर्तन नआउने गरी पुनर्निर्माण भइरहेको उहाँले स्पष्ट पार्नुभयो । सिंहदरबारको पश्चिमी मोहडा आगलागीबाट पूर्ण रूपमा क्षतिग्रस्त भइसकेकाले तत्काल त्यसको अध्ययन भइरहेको र अध्ययन प्रतिवेदनपछि पुनर्निर्माण सुरु गरिने उहाँले बताउनुभयो ।

यस मोहडाको निर्माण पनि विशेष प्रकृतिका भएकाले पुनर्निर्माणका लागि अध्ययन भइरहेको उहाँले स्पष्ट पार्नुभयो । आगलागीले १२० वर्षभन्दा पुरानो सिंहदरबारको मूल भवनभित्रको 'स्टेट हल' पूरै ध्वस्त भएको थियो । ऐतिहासिक र पुरातात्विक महत्वको सो हलभित्र ऐतिहासिक र पुरातात्विक कला, कलात्मक पेन्टिङ तथा ऐतिहासिक किसिमबाट साजसज्जा सङ्ग्रहीत थियो ।

# प्रधानमन्त्रीलाई गाली गरेको आरोपमा पक्राउ परेका युट्युबर छुटे

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २९ चैत्र**



युट्युबमा प्रधानमन्त्री बालेन्द्र शाहलगायतका नेताहरूलाई अपमानजनक शब्द प्रयोग गर्दै गालीगलौजयुक्त सामाग्री प्रसारण गरेको आरोपमा पक्राउ परेका रोशन पोखरेल रिहा भएका छन्।

जिल्ला प्रहरी कार्यालय पाँचथरका प्रमुख डिएसपी अनिश कर्णका अनुसार आवश्यक परेको बेला उपस्थिति हुने गरी उनलाई आफन्तको जिम्मा लगाइएको हो।

पाँचथरको फाल्गुनन्द गाउँपालिका-७ घर भएका पोखरेल चैत-२६ गते पक्राउ परेका थिए । नेपाल प्रहरीको साइबर ब्युरोको अनुसन्धानका आधारमा जिल्ला प्रहरी कार्यालय पाँचथरले पक्राउ गरेको थियो।

उनलाई पक्राउ गरी जिल्ला अदालत पाँचथरबाट १० दिनको म्याद थपिएको थियो। उनी पक्राउ परेसँगै प्रधानमन्त्री बालेन शाहको सामाजिक सञ्जालमा आलोचना भइरहेको छ। आलोचना गर्नेहरूले बालेनका पुराना फेसबुक स्टेटस तथा भिडियोहरू सेयर गरिरहेका छन्।

# बालेनले गर्नुपर्ने बहुमतको सदुपयोग

-वालेन्द्रको नेतृत्वमा रास्वपाले दह्रो बहुमत पायो। अब यो बहुमतको प्रयोग कसरी हुन्छ, केका लागि हुन्छ ? प्रधानमन्त्री वालेन्द्र शाहलाई नेपालका तन्नेरी पुस्ताका 'मनमोहक' व्यक्तित्वभन्दा अतिशयोक्ति नहोला। काठमाडौं महानगर प्रमुखका रूपमा नगर विकासका लागि उनीबाट धेरै आशा राखेका थिए, काठमाडौंवासीले। तर, उनको नेतृत्वमा काठमाडौं सहरमा त्यस्तो उल्लेखनीय काम हुन सकेको देखिएन। पछिल्लो चुनावमा उनले रास्वपाका वरिष्ठ नेताका रूपमा झापाबाट उम्मेदवारी दिए। उनले एमाले अध्यक्ष तथा प्रतिष्ठित कम्युनिस्ट नेता केपी ओलीका विरुद्ध उम्मेदवारी दिएका थिए। ओली पराजित भए र वालेन्द्रले आफूलाई स्थापित गरे। उनको नेतृत्वमा चुनाव लडेको दल रास्वपा संसद्मा बहुमत प्राप्त गर्न सफल भयो। वालेन्द्रले गणतन्त्र नेपालका प्रधानमन्त्रीका रूपमा पदभार ग्रहण गरिसकेका छन। सरकार सञ्चालनमा उनको सक्रियता बढ्दै गएको छ।

उनको हातमा देश विकासको सर्वाधिकार छ। उनको हातमा नेपालको शासनसत्ता छ। एउटा निर्धन र परनिर्भर देशको शासन कसरी गर्नुपर्छ ? कलाकार मनका न्यापर वालेन्द्र शाहले यसबारेमा त पक्कै सोचेकै होलान्। सोचेका छैनन् भने 'जे जे पर्दछ जिन्दगीमा, सब सहनुपर्ने' विषयको ज्ञान उनलाई पक्कै छ। पेसाले वालेन्द्र इन्जिनियर हुन्। रुचिले गायक। कलाकारहरूको बानी आफ्नै मनलाई सोधेर काम गर्ने हुन्छ। वालेन्द्र अरू कलाकारभन्दा फरक छैनन्। देशमा 'सुशासन' शब्दको प्रयोग चाहिनेभन्दा बढी नै हुने गरेको छ। तर, सुशासनको परिभाषा कसरी गर्ने ?संघीय गणतन्त्र नेपालका पहिलो प्रधानमन्त्री पुष्पकमल दाहालदेखि केपी ओलीसम्मका सबै प्रधानमन्त्रीहरूले प्रधानमन्त्रीको आसनमा बस्नेबित्तिकै देश विकासका आ-आफ्ना सपनाको व्याख्या गर्ने गरेका थिए। प्रत्येक राजनीतिक व्यक्तिसँग देश विकासका आ-आफ्नै सपना हुन्छन्। आफ्नै परिकल्पना हुन्छन्। देशको नेतृत्व गर्नेहरूका मनमा आ-आफ्नै एजेन्डा हुन्छन्। अहिलेसम्म वालेन्द्र शाहले आफ्ना एजेन्डाका बारे मुख खोलेका छैनन्- देशको द्रुततर विकासका लागि उनले के काम गर्न खोजेका छन् ? उनका प्रमुख एजेन्डा के हुन् ? यो विषय उनको मनबाट बाहिर आएको छैन। उनको अवतार अन्तर्मुखी देखिएको छ। कसैले पनि प्रधानमन्त्री वालेन्द्रका सपनाहरूका बारे केही बताउन सक्ने अवस्था छैन। उनले गाएका गीतहरूका आधारमा यति भन्न सकिन्छ : उनी गरिब चमेलीको कथा सुनाउन चाहन्छन्।

यो कलाकार वालेन्द्रको सकारात्मक पक्ष हो। वालेन्द्र शाहले आफूले मात्र चुनाव जितेका होइनन्। उनले चुनाव जितेको खण्डमा र रास्वपाले बहुमत ल्याएको खण्डमा देशको प्रधानमन्त्रीको आसनमा उनको आरोहण सुनिश्चित गरिएको थियो। उनी चुनावमा सजिलै विजयी मात्र भएनन्, उनले एमाले नेता केपी ओलीलाई पराजित मात्रै गरेनन्, नेपाली कांग्रेसका प्रभावशाली नेता गगन थापालाई सर्लाहीमा धूलो चटाइदिए। उनको नेतृत्वमा रास्वपाले दह्रो बहुमत पायो। अब यो बहुमतको प्रयोग कसरी हुन्छ, केका लागि हुन्छ ? आगामी समयमा यी कुराहरू स्पष्ट हुँदै जानेछन्। देशमा 'सुशासन' शब्दको प्रयोग चाहिनेभन्दा बढी नै हुने गरेको छ। तर, सुशासनको परिभाषा कसरी गर्ने ? कस्तो शासनलाई सुशासन भन्ने ? कस्तो शासनलाई दुःशासन भन्ने ? त्यो विषय न हामी जनतालाई नै थाहा छ, न त गाउँ तहदेखि केन्द्रसम्म शासन गर्ने हाम्रा जनप्रतिनिधिहरूलाई थाहा छ। देश धनी भए सुशासन हुने हो कि ? जनता धनी भए सुशासन हुने हो कि ? नेता धनी भए सुशासन हुने हो कि ? सुशासनको कुनै परिभाषा छैन।

देशका प्रतिष्ठित विद्वान्हरूमा सुशासनको समझ छैन। भर्खरै वालेन्द्र शाह शासनमा आएका छन्। उनका गृहमन्त्री 'सुशासन' स्थापनाका लागि अहोरात्र खटिएका छन्। भर्खरै वालेन्द्र मन्त्रिपरिषद् गठन भएकाले बाँकी मन्त्रीहरूले सुशासनको व्याख्या कसरी गर्नेछन् ? त्यसको बान्की आइसकेको छैन। हो, वालेन्द्र मन्त्रिपरिषद्बाट आफ्नै धर्मपत्नीलाई जागिर दिने मन्त्री पदबाट हटाइएका छन्। यस्ता अरू मन्त्रीहरू पनि समयक्रममा हट्नेछन्। नेपालको राज्यसत्तामा पुगेका कोही पनि 'सय क्यारेट' का छैनन्। निर्धन देशका राजनीतिकर्मीहरू केही पाउनकै लागि राजनीतिमा लागेका हुन्छन्। सबै राजनीतिकर्मीको मनमा यो कुरा गडेर रहेको छ : नेपालमा सम्पत्ति आर्जनका लागि सत्ताबाहेक अर्को कुनै माध्यम छैनन्। वालेन्द्र शाहका लागि सरकार चलाउनु त्यति सजिलो छैन। उनको पार्टीले झन्डै दुईतिहाइ बहुमत पाएको छ। तर, त्यो बहुमतको कुनै भरोसा छैन। नेपालको संसद्मा बहुमत पाउने प्रधानमन्त्री र तिनका नीतिहरू पनि हारेका छन्। कुनै नीति र दृष्टिकोण जितेका पनि छन्। २०१६ मा बीपी कोइरालाको नेतृत्वमा गठन भएको दुईतिहाइ बहुमतको सरकारदेखि २०८२ को वालेन्द्र शाहको सरकारसम्म, सबै सरकारहरू, द्विविधामा लटकिएका हुन्छन्/छन्। यो द्विविधा के हो ? राजनीतिशास्त्रीहरूले स्पष्ट बोल्न



रुचाएका छैनन्। वालेन्द्र शाह ती द्विविधाहरूबाट मुक्त छैनन्। हुन पनि सक्दैनन्। चुनावमा उनी जनतालाई आफ्नै अनुहार देखाएर विजयी भएका पक्कै हुन्। तर, उनको विजय त्यत्तिकै सुरक्षित भएको थिएन। यस पछाडिका 'कन्सिपिरेसी थ्योरी' का सन्दर्भ र सिलसिलाहरू अझै देखा परेका छैनन्। यो अविकसित र गरिब राष्ट्रहरूको नियति नै हो कि, जे देखिन्छ, त्यो सत्य हुँदैन।

प्रधानमन्त्रीका रूपमा वालेन्द्र शाहले नेपाली समाज र राजनीतिका केही महत्त्वपूर्ण तथ्यहरूको अध्ययन गरेको खण्डमा नेपाली शासनका द्विविधाहरूको झलक पाउनु कठिन छैन। यो देशमा कुलीनतन्त्रले आफ्नो वर्चस्व स्थापित गरेको छ। २००७ मा प्रजातन्त्र स्थापना भएको थियो। त्यसको आठ वर्षपछि मात्र देशमा संसदीय चुनावको अवसर जुर्‍यो। चुनावमा नेपाली कांग्रेसले दुईतिहाइ सिट प्राप्त गर्‍यो। बीपी कोइरालाको नेतृत्वमा सरकार गठन भयो। सरकार संक्रमणकालीन अवस्थामा भएकाले बीपीले देशको कर्मचारीतन्त्रलाई गिजोल्न चाहनुभएन। उहाँ कर्मचारीतन्त्रलाई वैज्ञानिक पद्धतिमा बाँध्न चाहनु हुन्थ्यो। तर, राजा महेन्द्रले बीपी नेतृत्वको सरकार बनेको अठार महिना बित्दा नबित्दै कोइराला नेतृत्वको सरकार मात्र होइन, देशमा भर्खर सुरु भएको संसदीय व्यवस्था नै खारेज गरे। यहींबाट सुरु हुन्छ, विग्रहको राजनीति, जुन अहिलेसम्म टुंगिएको छैन। नेपालको राजनीतिक इतिहासलाई सरसर्ती केलाउने हो भने निर्दलीय पञ्चायत व्यवस्थाको प्रारम्भदेखि नै देशका गढी-गौंडा र मुख्य केन्द्रहरूमा बडाहाकिम खटाउने चलन खारेज भयो। त्यसको सट्टा 'राजनीतिक अधिकारसहित' विशेष अधिकृतको व्यवस्था भयो। २०१९ सालमा पञ्चायती संविधान आएपछि देश चौध अञ्चल र पचहत्तर जिल्लामा बाँडियो। राजा महेन्द्रले लोक सेवा आयोग निलम्बन गर्दै प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारीको व्यवस्था गरे। २०२१ पछि भूमिसुधार अधिकारी लगायतका विभिन्न पदमा राजनीतिक नियुक्तिको चलन चल्यो। २०२८ सालमा राजा वीरेन्द्रले नयाँ शिक्षा योजना लागू गरेपछि शिक्षा अधिकारीको पदमा राजनीतिक नियुक्ति हुन थाल्यो। राजा वीरेन्द्रले राजनीतिक पद्धति परिवर्तनका लागि प्रशासनमाथि प्रहार गरे।

बीपी कोइरालाले २०१६ सालमा प्रधानमन्त्री भएपछि भन्नुभएको थियो : 'संविधानको अक्षर र भावनाको आदर गर्नुपर्दछ।' बीपीको नेतृत्वमा बनेको सरकार राजा महेन्द्रको षड्यन्त्रको सिकार भयो। २०१५ को संविधानको ठाउँ पञ्चायती संविधानले लियो। लामो संघर्षपछि देशमा संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रको स्थापना भयो। राजनीतिक परिस्थितिमा परिवर्तन आयो। तर, प्रशासनमा राजनीतिक हस्तक्षेप जारी नै रह्यो। प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले २०५१ सालमा पञ्चायतकालीन निजामती सेवा नियमावलीको प्रयोग गरेर प्रशासनिक सुधार आयोगको बैठक बोलाए। उनले ३० वर्ष सेवा अवधि सकेर अवकाश पाउन लागेका तत्कालीन गृह सचिव योगेन्द्रनाथ ओझालाई हटाएर भोजराज पोखरेललाई गृह सचिव बनाए। एमाले नेतृत्वमा बनेको अल्पमत सरकारको विकल्पमा कांग्रेसका नेता शेरबहादुर देउवा प्रधानमन्त्री भए। उनकै पालामा भारतसँग महाकाली सन्धि भयो। त्यसबेला भारतीय अधिकारीहरूले महाकाली सन्धिका लागि नेपाल सरकारले संसदीय सहमति लिनुपर्ने सुझाव दिएका थिए।

तर, नेपाल पक्षका तत्कालीन मुख्य सचिव र कानुन सचिवले संसदीय सहमतिको आवश्यकता नपर्ने बताएका थिए। यो कुरामा उनीहरूले प्रधानमन्त्री देउवालाई 'गुमराह' गरेका थिए। राजा वीरेन्द्रको वंशनाशपछि नेपालको राजगद्दीमा बसेका राजा ज्ञानेन्द्रका समयमा त विधिको शासन 'हात्तीको दाह्रा' जस्तो देखाउने दाँतमात्रै रह्यो। उनले प्रशासनमा हस्तक्षेप गरे। कर्मचारी सरुवा-बढुवामा व्यापक हस्तक्षेप भयो। कहिल्यै पद्धतिमा नबाँधिएको नेपालको प्रशासनिक व्यवस्था निष्प्रभावी भयो। आफूलाई निकै जानिफकार मान्ने प्रशासकहरू 'जो जो परे अवस्था, त्यों त्यों सहे शरीर' को स्थितिमा पुगे।

राजा ज्ञानेन्द्रको मनोमानी शासन धेरै टिक्न सकेन। देश संघीय गणतन्त्रमा प्रवेश गर्‍यो। तर, प्रशासनमा रत्तिभर सुधार आएन। 'खली' खाएका प्रशासकहरूले जनताले चुनेर पठाएका नेताहरूलाई राजनीतिक हस्तक्षेपका लागि उक्साएर आफ्नो दुनो सोझ्याउने काम गरे। वैज्ञानिक प्रशासनिक पद्धति अनुरूप काम गर्न न राजनीतिक नेतृत्व तयार भयो, न त त्यस्तो पद्धतिको विकासका लागि प्रशासनिक वातावरण नै तयार हुन सक्यो। नेपालमा शासन गर्नु भनेको फोहोरको थुप्रो केलाउनु जस्तै हो। प्रधानमन्त्री वालेन्द्र शाहले यी विषयलाई केलाएर जनतासँग सिधै विचार विमर्श गरेको खण्डमा प्रधानमन्त्री पदको विश्वसनीयता कायम रहन सक्ला।

**सांभार : कान्तिपुर।**

**"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस।"**



सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला




## कम्पनी खारेजी सम्बन्धी १ दिने सूचना

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौं, नेपालमा मिति २०७४-०१-२९ मा दर्ता भएको श्री लोकल गार्जियन एजुकेशन, (दर्ता नम्बर : १६८३३४), जनकपुरधाम उपमहानगरपालिका-८, धनुषा, (प्यान नम्बर : ६०५९५२२७८) नामक कम्पनी कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौं, नेपालको मिति २०८२-०९-०५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday